nepalpostdaily.com

# नेपाल पोष्ट डेली
दैनिक

28°C । वर्ष : १०, अंक : ३५५ पृष्ठ ४ । बुधबार,२१ साउन २०८२ । WEDNESDAY, AUGUST 06, 2025.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## आर्थिक मन्दीबीच सिर्सिया सुक्खा बन्दरगाहमा रेल आवागमनमा वृद्धि

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० साउन ।***

देशको समग्र आयात-निर्यात कारोबार घटिरहेको अवस्थामा पनि पर्सास्थित सिर्सिया सुक्खा बन्दरगाहमार्फत रेलमार्ग प्रयोग गरी भित्रिने मालवाहक रेलको संख्यामा गत आर्थिक वर्षमा उल्लेखनीय वृद्धि भएको देखिएको छ । इन्टर मोडल यातायात विकास समिति, वीरगन्ज कार्यालयका अनुसार विशेषगरी कन्टेनर र लुज कार्गो बोक्ने रेलहरूको आवागमनमा वृद्धि भएको हो । यद्यपि बोरा बन्द (बीसीएन) कार्गो र फलामजन्य (बीआरएन) मालसामान बोक्ने रेलहरूको संख्यामा भने सामान्य गिरावट देखिएको छ । गत आव भरिमा यो बन्दरगाहमा भारतका विभिन्न बन्दरगाहबाट कन्टेनर बोकेर कन्टेनर बोकेर ८ सय ५ पटक रेल्वे र्‍याक आएको थियो । जसमा ६९ हजार ६ सय ८६ मालवाहक कन्टेनर थिए । अघिल्लो आर्थिक वर्षमा ६ सय ७२ पटक कन्टेनर




वाहक रेल बन्दरगाहमा आइपुगेको थियो । जसले ५९ हजार १ सय ७८ वटा कन्टेनर बोकेका थिए । गत आवमा २ सय १४ पटक बोरा बन्द कार्गो सामान बोकेका रेल्वे र्‍याक यो बन्दरगाहमा आएको थियो । जसले ४ लाख ८३ हजार ६ सय ६५ टन बोरा बन्द कार्गो ल्याएका थिए । अघिल्लो आवमा २ सय ४३ बिसिएन र्‍याकले ५ लाख ४० हजार ३ सय ३० टन बोरा बन्द कार्गो वस्तु बोकेर ल्याएका थिए । गत आवमा ७६ बीआरएन अर्थात फलाम बोक्ने र्‍याकले एक लाख ८३ हजार ३ सय ८३ टन फलाम बोकेर ल्याएका थिए । अघिल्लो आवमा ७७ बीआरएन र्‍याकले १ लाख ८३ हजार १ सय २९ टन फलाम बोकेर ल्याएका थिए । गत आवमा १ सय ५२ लुज कार्गो रेल्वे र्‍याकले ५ लाख ६८ हजार ५ सय १३ टन लुज कार्गो

बाँकी तेश्रो पृष्ठमा

## ठोरीका सामुदायिक विद्यालयमा फेरि पनि निराशाजनक नतिजा

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० साउन ।***

एसईई र कक्षा ८ को परीक्षा परिणाममा निराशाजनक देखिएको ठोरीको नतिजा आशा गरिएको कक्षा १२ को नतिजा पनि ठोरी गाउँपालिकाका सामुदायिक विद्यालयहरूका लागि सन्तोषजनक हुन सकेन । सोमबार सार्वजनिक कक्षा १२ को परीक्षाफल अनुसार ठोरीका सामुदायिक विद्यालयबाट कुल १४३ जना परीक्षार्थी सहभागी भएकोमा सोमध्ये ३५ जना मात्र अर्थात् २४.४७ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भएका छन् । यसअघि सार्वजनिक एसईई परीक्षामा ठोरीमा करीब २० प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण भएका थिए । यस सन्दर्भमा कक्षा १२ को नतिजा केही सुधार देखिए तापनि, समग्रमा नतिजा अझै निराशाजनक रहेको शिक्षा क्षेत्रका जानकारहरूले बताएका छन् । कक्षा १२ को नतिजामा ठोरी-२ स्थित




सरस्वती माध्यमिक विद्यालय सबैभन्दा उत्कृष्ट देखिएको छ । सो विद्यालयबाट परीक्षामा सहभागी २७ मध्ये १५ जना विद्यार्थी उत्तीर्ण भई ५५.५५ प्रतिशत सफलताको दर हासिल गरेका छन् । विद्यालयले यसपटक ठोरीका अन्य विद्यालयलाई पछि पार्न सफल भएको छ। यस्तै ठोरी ३ को नेरामावि ओडारबाट ३०.३० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । सो विद्यालयबाट कुल ३३ जना परीक्षार्थी मध्ये १० जना परीक्षार्थी उत्तीर्ण भई पालिकामा नै दोस्रो हुन सफल भएको सहायक प्रधानाध्यापक चिरञ्जीवी सापकोटाले जानकारी दिए । यस्तै सोमबार प्रकाशित नतिजा अनुसार ठोरी ४ मा रहेको बिजयबस्ती मावि , १ मा रहेको नेरा प्राविधिक मावि दिपकनगर र ५ मा रहेको ज्ञानवाटिका मावि क्रमशः तेस्रो , चौथो र पाचौं भएका छन् । विजयवस्तीबाट ३२ जना परीक्षार्थी मध्ये ७ जना , प्राविधिक माविबाट

बाँकी तेश्रो पृष्ठमा

## बीरगन्जमा २०औं अडान दिवस भव्य रूपमा सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० साउन ।***

नेपाल अडिटर्स एशोसिएशन (अडान) पर्साले आफ्नो २०औं स्थापना दिवस बीरगन्जमा उत्साहपूर्ण रूपमा मनाएको छ । दिवसको अवसरमा लेखापरीक्षकहरू र लेखा सहकर्मीहरूले सहभागिता जनाएको भव्य र्‍यालीले बीरगन्जको मुख्य सडकहरू घुमेपछि कार्यक्रम झनै आकर्षक बन्यो ।

घण्टाघरबाट सुरु भएको र्‍याली आदर्शनगर, घडिअर्वा हुँदै माईस्थान परिक्रमा गर्दै पुनः घण्टाघरमा समापन भएको थियो । अडानको झण्डा र ब्यानरसहित नारा घन्काउँदै अगाडि बढेको र्‍यालीमा अडान पर्साका सदस्यहरूका साथै अन्य जिल्लाबाट आएका लेखापरीक्षकहरूको समेत उल्लेखनीय उपस्थिति थियो। दिवसको औपचारिक कार्यक्रम अडान पर्साका अध्यक्ष गजेन्द्र मान सिंहको अध्यक्षतामा सम्पन्न भयो । प्रमुख अतिथिका रूपमा अडानका केन्द्रीय सदस्य दिनानाथ रौनियार र डा. सन्तोष कुमार गुप्ताले अडानको इतिहास, उद्देश्य र लेखा व्यवसायमा यसको भूमिकाबारे बोले । दिवसअन्तर्गत साउन ९ गते ५१ जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्दै सामाजिक उत्तरदायित्वमा पनि अडानले हात बढाएको छ ।

कार्यक्रमको सञ्चालन अडान पर्साका सचिव कुलोत्तम पोखरेलले गरेका थिए भने मधेश प्रदेश अडानका उपाध्यक्ष हृदय मोहनलाल दास, अडान पर्साका पूर्वअध्यक्ष प्रद्युम्न प्रसाद सेढाई लगायतका पदाधिकारी र सदस्यहरूको सक्रिय सहभागिता देखिएको थियो ।

## मधेसको खानेपानी समस्या समाधानका लागि ठोस योजना बन्ने : मन्त्री यादव

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० साउन ।***

खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापन विभागको वार्षिक प्रगति समीक्षा कार्यक्रममा खानेपानीमन्त्री प्रदीप यादवले तराई-मधेस क्षेत्रको दीर्घकालीन खानेपानी समस्या समाधान गर्न अब ठोस योजना बनाउने तयारीमा सरकार रहेको बताएका छन् । मंगलबार काठमाडौंमा आयोजित २०८१/८२ को वार्षिक समीक्षा गोष्ठीको उद्घाटन गर्दै मन्त्री यादवले तराई-मधेसमा स्वच्छ र सुरक्षित खानेपानीको पहुँच अझै सीमित रहेको उल्लेख गर्दै त्यसको समाधानका लागि विभागलाई शीघ्र कार्ययोजना ल्याउन निर्देशन



दिए । "तराई-मधेसको खानेपानी समस्या दीर्घकालीन प्रकृतिको हो । यसको समाधानका लागि अब गम्भीर भएर ठोस उपायमा लाग्नुपर्छ," मन्त्री यादवले भने, "म विभागलाई आवश्यक योजना शीघ्र अघि बढाउन निर्देशन दिन्छु ।" उनले मन्त्रालयले हालसम्म खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको दाबी गर्दै विकासे मन्त्रालयहरूबीच

बाँकी तेश्रो पृष्ठमा

## संकटग्रस्त क्षेत्र घोषणा भ्रष्टाचारको ढोका खोल्ने चाल हो : सांसद साह

***बीरगन्ज,२० साउन ।***

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा प्रतिनिधिसभा सदस्य प्रभु साहले सरकारले मधेसलाई संकटग्रस्त क्षेत्र घोषणा गरेर राहतको नाममा भ्रष्टाचार गर्ने खेल शुरु गरेको आरोप लगाएका छन् । मंगलबार संसद्को बैठकमा बोल्दै सांसद साहले कुनै स्पष्ट योजना र बजेट विनाको घोषणा सरकारको नियतमाथि गम्भीर प्रश्न उठाउने बताए । "न योजना छ, न बजेट छ केवल जनतालाई झुटो आश्वासन र निकायहरूलाई छल्ने चतुराइ मात्र देखिन्छ," सांसद साहको आरोप थियो । साहले प्रधानमन्त्रीले सार्वजनिक रूपमा घोषणा गरेको ५०० डिप ट्युबवेलको विषयमा सम्बन्धित सरकारी निकायहरू नै बेखबर रहेकोप्रति आपत्ति जनाए । उनले भने, "न सिँचाइ विभागलाई थाहा, न खानेपानी विभागलाई खबर - कसरी हुन्छ यस्तो योजना? के हावादारी घोषणाले पीडितलाई राहत दिन्छ, कि उल्टै दुःख थप्छ?" संकटग्रस्त क्षेत्र घोषणापछि सार्वजनिक खरिद ऐनको प्रावधान बाइपास गर्न सकिने र आकस्मिक



दफा प्रयोग गरेर बिना प्रतिस्पर्धा काम गराउने बाटो खुल्ने भन्दै साहले सरकारको नियतमै संकाको औंलो ठड्याए । "संकटकालीन अवस्थामा पारदर्शिता र जवाफदेहिता अझ आवश्यक पर्छ, तर यहाँ त अपारदर्शी ढंगले बजेटको दुरुपयोग गर्ने संकेत देखिँदैछ," उनले चेतावनी दिए । सांसद साहले उपचारको पूर्व तयारी र योजनाविना रोगको मात्र घोषणा गर्नु निरर्थक हुने भन्दै, पीडितका लागि व्यवहारिक राहत कार्यक्रम ल्याउन सरकारलाई आग्रह गरे ।

## रौतहटमा २४ घण्टामा सर्वाधिक वर्षा

***रौतहट,२० साउन ।***

लगातार सक्रिय रहेको मनसुनी प्रणालीका कारण देशका विभिन्न भागमा वर्षा जारी छ । पछिल्लो २४ घण्टाको अवधिमा सबैभन्दा बढी १५९ मिलिमिटर वर्षा रौतहटमा मापन गरिएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार रौतहटनपछाडि तिलोत्तमा (रुपन्देही) मा १०७.८ मिलिमिटर, अर्घाखाँचीमा १०४.२ मिलिमिटर र नवलपरासी पूर्व तथा पश्चिम दुवैतर्फ १०३.६ मिलिमिटर वर्षा मापन गरिएको छ । त्यस्तै, दाङ, चितवन, काठमाडौं, धनुषा, सिरहा, खोटाङ, मकवानपुर, बारा, पर्सा, झापा,

बाँकी तेश्रो पृष्ठमा

## महिला उद्यमशिलता विकास समितिको पहिलो बैठक सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२० साउन ।***

बीरगन्ज उद्योग वाणिज्य संघ अन्तर्गत नवगठित महिला उद्यमशिलता विकास समितिको पहिलो बैठक सोमबार संघको सभाहलमा सम्पन्न भएको छ । समितिकी संयोजक डा. लक्ष्मी थापाको अध्यक्षतामा र संघका अध्यक्ष हरिप्रसाद गौतमको प्रमुख आतिथ्यमा बसेको बैठकले महिला उद्यमशीलताको प्रवर्द्धन र सशक्तिकरणका लागि महत्वाकांक्षी योजना अघि सारेको छ । बैठकमा पर्सा र बारा जिल्लामा सक्रिय उद्यमशील महिलाहरूको पहिचान, प्रतिभा उजागर तथा सम्मान गर्ने उद्देश्यले निकट भविष्यमा एक बृहत् महिला उद्यमशिलता सम्मेलन तथा सम्मान कार्यक्रमको आयोजना गरिने घोषणा गरिएको छ । संघले महिला उद्यमीहरूको क्षमता विकास, व्यवसायिक सशक्तिकरण र प्रभावकारी नेटवर्क निर्माणका




लागि निरन्तर सहयोग र सहकार्य गर्दै जाने प्रतिबद्धता जनाएको छ । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष अनिलकुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष माधव राजपाल, उपाध्यक्ष मनोजकुमार दास, महासचिव शिवजीप्रसाद साह, कोषाध्यक्ष अनोज

बाँकी तेश्रो पृष्ठमा

## जसपा नेपाल अध्यक्षमा पुनः यादव निर्वाचित

राजविराज,२० साउन ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, सप्तरी जिल्ला अध्यक्षमा फेरि केदार यादव निर्वाचित भएका छन् । यसअघि पनि जिल्ला नेतृत्व सम्हालिरहेका यादवले पुनः विश्वास जित्दै अध्यक्ष पदमा दोहोरिएका हुन् । मंगलबार सम्पन्न जिल्ला अधिवेशनअन्तर्गत भएको मतदानमा यादवले आफ्ना प्रतिस्पर्धी उमेश यादवलाई ३० मतले पछि पार्दै जित हासिल गरेका हुन् । अध्यक्ष पदका लागि कुल ५०४ मत खसेकोमा उनले २३५ मत प्राप्त गरेका थिए । जिल्ला

बाँकी तेश्रो पृष्ठमा

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सहसम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय


## सरकार फेल भएको नतिजा

उच्च शिक्षाका लागि योग्य वा अयोग्य भनेर छुट्याउने शैक्षिक खुड्किलो हो- कक्षा १२ को परीक्षा । यसको नतिजाले एकातिर मुलुककै शैक्षिक अवस्थाको मापन गरिरहेको हुन्छ भने अर्कोतिर विद्यार्थीहरूको कमजोरी के छ ? भन्ने देखाएर उनीहरूको भविष्य कोर्न सिकाइरहेको हुन्छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार परीक्षामा ५ लाख १० हजार ९ सय ८७ विद्यार्थी सहभागी थिए । त्यसमध्ये २ लाख ८४ हजार ३ सय ५ विद्यार्थी उत्तीर्ण भए । १ लाख ९३ हजार ८ सय ८२ अनुत्तीर्ण भए । अनुत्तीर्ण हुनेमा सबैभन्दा धेरै अंग्रेजी विषयमा ६६ हजार २ सय ७५ छन् भने दोस्रोमा अकाउन्टिङ (लेखा) विषयमा ४१ हजार २ सय ६३ जना फेल भएका छन् । फेल हुने तेस्रो स्थानमा सामाजिक शिक्षामा ३३ हजार ९ सय २१ छन् भने चौथोमा नेपालीमा २८ हजार ३ सय ५६ जना विद्यार्थी फेल भए । यो नतिजाले नेपालले कक्षा १२ सम्मका विद्यार्थीलाई के पढाइरहेको छ र के सिकिरहेका छन् भन्ने देखाउँछ । नतिजा विद्यार्थीको मेहनत राज्यको लगानी र विद्यालयको वातावरणमा भर पर्छ । अर्थात्, कक्षा १२ को परीक्षाले शिक्षा क्षेत्रमा राज्यले गरेको लगानी र प्राथमिकताको परिणाम उजागर गरिदिएको छ । नेपाली, अंग्रेजी र सामाजिकजस्ता विषयमा विद्यार्थी फेल हुनु भनेको त्यस्तो विद्यार्थीले साहित्य, समाज, इतिहास र वर्तमानमा आवश्यक ज्ञान हासिल गर्न सकेन भन्ने हो । नेपालीमा नेपाली भाषा, साहित्य र व्याकरणसँगै नेपालकै इतिहास र कला सिकाउने पाठ्यक्रम छ । अंग्रेजीमा भाषासँगै विश्व साहित्य पढाइन्छ भने समाजिक शिक्षामा वर्तमान नेपाली समाजको चरित्र, समाजसँग नागरिकको सम्बन्ध, शासन व्यवस्था, राजनीतिका न्यूनतम विषय सिकाइन्छ । जसअन्तर्गत सरकार, संसद्, अदालत, नागरिक समाज, बौद्धिक वर्गको भूमिका के हो र के भइरहेको छ भनेर विद्यार्थीलाई भविष्यमा के गर्नुपर्छ ? भनेर धारणा निर्माणमा सघाउने उद्देश्य राखिएको हुन्छ । नेपालको वर्तमान शैक्षिक अवस्था शिक्षण सिकाइका तौरतरिका, पाठ्यक्रम र त्यसको कार्यान्वयनमा देखिएका कमीकमजोरी कक्षा १२ को परीक्षाले उजागार गरेको छ । कक्षा १२ को सार्वजनिक नतिजाले विद्यार्थी नभएर सरकार नै फेल भएको देखाउँछ । आगामी दिनमा विद्यार्थीलाई के पढाउने ? कसरी पढाउने ? सिकाइका तौरतरिका के कस्ता अवलम्बन गर्ने भन्ने कुरामा सरकारले मेहनत गर्नुपर्ने देखिन्छ । अन्यथा, कक्षा १२ पनि विद्यार्थीले पास गर्न सकेनन् भने उनीहरूको उच्च शिक्षा अध्ययन गर्ने बाटो बन्द हुन्छ र नेपालमै पनि रोजगारी प्राप्त गर्न कठिन हुन्छ । साथै, विदेशमा पनि श्रमिकका रूपमा काम गर्नुको उनीहरूसँग अन्य विकल्प हुँदैन ।

# सीमा संयन्त्र बैठकको सार्थकता

**बुद्धिनारायण श्रेष्ठ**

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले २०७१ साउन २० देखि (साउने सोमबारका दिन पशुपतिनाथको दर्शन गर्नसमेत) नेपालको प्रथम पटक भ्रमण गर्दा दुवै देशका प्रधानमन्त्रीको सहमतिमा चार तहको सीमा समस्या समाधान संयन्त्र गठन भएको थियो । नापी विभागको महानिर्देशकको नेतृत्वमा बोर्डर ओर्किङ ग्रुप, उपमहानिर्देशकको नेतृत्वमा सर्भे अफिसियल कमिटी, नेपालका सीडीओ र भारतका डिस्ट्रिक्ट मजिस्ट्रेटको नेतृत्वमा फिल्ड सर्भे टिम र कालापानी तथा सुस्ता समस्या समाधानार्थ दुवै देशका परराष्ट्र सचिवस्तरीय संयन्त्र बनेको थियो । ओर्किङ ग्रुप, त्यसअन्तर्गतको सर्भे अफिसियल कमिटी र यी दुवै मातहतको फिल्ड सर्भे टिमलाई दिइएको टर्मस अफ रिफरेन्समा भत्किएका तथा जीर्ण भएका सीमा खम्बा मर्मत सम्भार गर्ने, हराएका र लोप भएका सीमा खम्बा जीपीएस पद्धतिबाट पत्ता लगाउने, पत्ता लागेका सीमा खम्बा साबिक यथास्थानमा पुनर्निर्माण गर्ने, दशगजा क्षेत्र सफा राखी निर्जन तथा भोगचलनरहित तुल्याउने, सीमा खम्बाबाट भारत तथा नेपालतर्फ आधा-आधा किलोमिटर गरी एक किलोमिटर चौडा भूभागको संयुक्त रूपले बाँकी रहेका सीमा नक्सा (स्ट्रिप म्याप) तयार पार्ने र सीमापार भोगचलन दखल (क्रस होल्डिङ अकुपेसन) गरिएका जमिनको लगत/तथ्यांक तयार पार्ने बुँदा रहेका थिए । दुवै देशका परराष्ट्र सचिवस्तरको संयन्त्रलाई भने ओर्किङ ग्रुपबाट प्राविधिक जानकारी लिई कालापानी र सुस्ता समस्याको अध्ययन गरी आ-आफ्ना सरकारसमक्ष प्रतिवेदन बुझाउने अभिभारा सुम्पिएको थियो । तीन तहका संयन्त्रले २०७६ साउनसम्म



काम गरे । त्यसपछि काम ठप्प थियो । कार्य सुचारु गर्न नेपालले पटक-पटक कूटनीतिक नोट भारतलाई पठायो । तर भारतले कोरोनाको कारण देखाउँदै पर सार्दै गयो । कोरोनाकाल समाप्त भएपछि पनि चासो दिएको थिएन । तर अहिले छोटो समयको जानकारीमा संयुक्त बैठक भएको छ । सायद भारतको जम्मु-कश्मीर पहलगाममा यही वैशाख ९ मा भएको आतंकवादी हमलामा एक नेपालीसहित २६ पर्यटक मारिएको घटनाले भारत तातिएर पनि यो बैठक अलिक चाँडै भएको हो कि भन्ने अन्दाज लगाउन सकिन्छ । यस पटकको बैठकमा विगतमा भएका कार्यको प्रगति समीक्षा र आउँदा दिनमा गर्नुपर्ने कामको तीनवर्षे कार्ययोजनाको रूपरेखाबारे छलफल भई स्वीकृत गरिएको थियो । सीमा निरीक्षण, खम्बा पुनःस्थापना, मर्मत सम्भार, संरक्षण गर्नेबारे सदाझैं छलफल भएको थियो । नक्सांकनको क्षेत्रमा नयाँ प्रविधि अवलम्बन गर्ने, काममा तदारुकता र पारदर्शिता अपनाउने निर्णय भएको बुझिएको छ । तर दुवै सीमावर्ती बासिन्दाले सीमापार भोगचलन दखल गरेको समस्याको निकास दिने सम्बन्धमा ठोस निर्णय भएको बुझिएन । दुई देशबीचका १८८० किलोमिटर सीमारेखामा ८ हजार ५ सय ५३ सीमा खम्बा स्थापना गरिनुपर्नेमा ४ हजार १ सय ९३ ठाउँमा स्थापना भएका छैनन् । सञ्चारमाध्यमअनुसार स्थापना भएका ४ हजार ३ सय ६० स्तम्भमध्ये जीर्ण अवस्थामा रहेका २ सय २ र सामान्य मर्मत सम्भार गर्नुपर्ने २ हजार ८ सय ९१ र नदीनाला पोखरीमा परेका संख्या २ सय २ रहेको बुझिन्छ । नदीमा परेर बगाइएका स्तम्भ यथास्थानमा खडा गर्न तदारुकता अपनाउनेबारे छलफल भएको पाइएन । यस्ता खम्बा पानीमा स्थापना गर्न नसकिए तापनि नदीको दुवैतिर समान दूरीमा साक्षी खम्बा स्थापना गर्नुपर्ने प्रविधिको कुरा कार्यसूचीमा परेको भए बैठक थप सार्थक ठहरिन्थ्यो । २०७१ साउनमा दुवै देशका प्रधानमन्त्रीले परराष्ट्र सचिवहरूलाई दिएको जिम्मेवारीअनुसार अहिलेसम्म कुनै काम भएको छैन । यो दुःखलाग्दो कुरो हो । यद्यपि, यो बोर्डर ओर्किङ ग्रुपको कार्यक्षेत्रभित्र पर्दैन । तर पनि जिज्ञासा उठ्छ- किन काम सुरु नै हुन सकेन ? यस सम्बन्धमा तीन वटा कारण देखिन्छन् । पहिलो, भारतले २०१९ नोभेम्बर २ मा 'भारतको नयाँ राजनीतिक नक्सा' प्रकाशित गरी त्यसमा लिम्पियाधुरा-कालापानी-लिपुलेकको ३ सय ७६ वर्गकिलोमिटर भूमि खर्लप्प भारतमा मिसाइसकेकाले भारतले दिलचस्पी नदिएको हुन सक्छ । नक्सामा हामीले हालिसक्यौं, त्यस क्षेत्रको भूमिमा हामीले भोग गरिरहेकै छौं, अनि किन यसमा कुरा अघि बढाउने भन्ने भारतको मनसाय हुनुपर्छ । दोस्रो, नेपालले त्यसको प्रतिवाद गर्दै वार्ताका लागि पटक-पटक कूटनीतिक पत्र पठायो । तर भारतले कुराकानी गर्ने मनसाय देखाएन । त्यसैले नेपालले पनि २०२० मे २० मा लिपुलेक-कालापानी-लिम्पियाधुरा संलग्न भएको नयाँ (चुच्चे) नक्सा विधिवत् प्रकाशित गरेको हो । यसबाट भारत रिसायो, दुवै देशको सम्बन्धमा चिसोपना आयो । तेस्रो, भारतसँग कालापानी क्षेत्रको ठोस कागज, प्रमाण, ऐतिहासिक नक्सा नहुनाको कारणले पनि हुन सक्छ । नेपालले भने बारम्बार सन् १८२१, १८२७, १८५६ समेत गरी १२ प्रकारको आधिकारिक पुराना नक्साको र सन् १८१६ को सुगौली सन्धिको धारा-५ को हवाला दिँदै लिम्पियाधुरासम्मको भूभाग नेपालकै हो भन्ने दलिल प्रस्तुत गर्दै आएको छ । यिनै कारणले सचिवस्तरीय संयन्त्रलाई भारतले अगाडि नबढाएको हुन सक्छ ।

द्विपक्षीय संयुक्त सीमा संयन्त्रको मोडालिटीअनुसार सन् २०१४ देखि अहिलेसम्म २२ वटा संयुक्त बैठक बस्नुपर्ने हो । तर सात वटा मात्रै बैठक बसेका छन् । त्यसमा पनि छैटौं र सातौं बैठकको अन्तराल ६ वर्षको रह्यो । अहिलेको बैठकले तीनवर्षे कार्ययोजना बनाए पनि समयमा नै फिल्डको काम भएन भने यो योजना सहमतिपत्रमै सीमित रहने सम्भावना पनि उत्तिकै छ । यसमा नेपालले कूटनीतिक चातुर्य देखाउँदै तोकिएको समयावधिमै बैठक बसी काम सम्पन्न गर्न भारतीय पक्षलाई औपचारिक/अनौपचारिक दबाब सिर्जना गर्न सक्ने क्षमता प्रदर्शन गर्नुपर्छ ।

# मुरलीहरू सधैं भूमिहीन ?

**सुष्मा न्यौपाने**

रसुवाको कालिका गाउँपालिका-३, इटपारेका मुरली नेपालीको जीवन अनेकन् पीडा, अभाव र बेवास्ताको पहाडजस्तै छ । अहिले ७० वर्ष टेकिरहेका मुरलीले कहिल्यै सुख भने अनुभव गर्न पाएनन् । उनका हजुरबुवाका पालादेखि नै जमिन थिएन । उनी जन्मिँदै भूमिहीन थिए । आमाले ल्याएको गाउँ इटपारेमा अर्काको जमिनमा बसे । पछि त्यहाँबाट पनि निकालिए । २०५४ सालतिर गाउँको एउटा रुखो पाखोमा जनप्रतिनिधिको सहयोगमा सानो झुपडी बनाएर बस्न थाले । त्यही झुपडी आज पनि उनको आश्रय स्थल हो ।
मुरलीले रुखो पाखो फोरेर थोरै तरकारी फलाउने साना सुर्का बनाए । त्यही सुर्का जग्गाको लालपुर्जाको आसमा उनी २० वर्षदेखि भूमि अधिकारको अभियानमा लागेर संघर्ष गरिरहेका छन् । त्यसै क्रममा कहिले कालिकास्थानको सडकमा उभिएर चर्को घाममा नाराबाजी गरेर त कहिले सदरमुकाम धुन्चेको मालपोत, नापी, जिल्ला प्रशासनमा, कहिले काठमाडौंको वनकाली, खुलामञ्च र माइतीघरको आन्दोलनमा सहभागी भएका छन् । केही पटक त सिंहदरबारभित्र पनि छिरेका छन् । पुर्जा पाउने उनको सपना भने अझै अधुरो नै छ । लालपुर्जाका लागि बारम्बार फाराम भर्न लगाइन्छ, पुर्जा पाउने सपना देखाइन्छ तर ती सबै झूटा साबित हुन्छन् । उनका लागि बाँकी एकमात्र रहर हो, २८ वर्षदेखि आफैंले जोतेको, हरेक माटोको धूलो र बोटबिरुवासँग आत्मीयता साटेको करिब २ रोपनी भिरालो जमिनको अधिकार आफ्ना नाममा आओस् । जहाँ उनको सम्पत्ति, बाँच्ने आधार या भनौं जीवन, जे भने नि भएको त्यही एउटा सानो झुपडी पनि त्यहीँ छ । मुरलीहरूका फाइल स्थानीय तहबाट आवश्यक सबै प्रक्रिया पूरा भइसकेपछि, जिल्ला समितिले सूचना जारी गर्‍यो । सूचना जारी गरिएपछि लामटाङ राष्ट्रिय निकुञ्जले उजुरी गर्‍यो र भन्यो- मुरली बस्दै आएको जमिन मध्यवर्ती क्षेत्रमा पर्छ, दिन मिल्दैन ।जिल्ला समितिले गरेको काम गलत थिएन । कानुनअनुसार साबिकमा वन जनिए तापनि हाल आवादीमा परिणत भएको, रूख बुट्यान नभएको जमिन दिन मिल्ने थियो । जिल्ला समितिले २०७८ जेठ २७ मा त्यहाँको निकुञ्ज प्रशासनको पत्रसहित के गर्न मिल्छ भनेर केन्द्रीय आयोगलाई पत्राचार गर्‍यो । आयोगले २०७८ साउन ४ मा जिल्ला समितिलाई जमिन दिन सकिने र निकुञ्ज प्रशासनको पत्रमा कुनै कानुनी आधार नदेखिएको पत्र पठायो । हुन पनि निकुञ्जको पत्रमा



जग्गा वितरण नगर्नु मात्र भनिएको थियो, कानुनको दफा, उपदफा केही उल्लेख थिएन । यत्तिकैमा २०७८ साउन १९ मा आयोग नै विघटन भयो । २०७८ साउनमा केशव निरौलाको अध्यक्षतामा राष्ट्रिय भूमि आयोग बन्यो । गठन आदेशमा पुरानो काम जहाँ रोकिएको थियो, त्यहीँबाट अघि बढ्ने कार्यादेश थियो । तर पालिका र वडाले मुरलीलाई फेरि निवेदन दिन भने । निवेदन दिए । आयोगले २४ महिने कार्यकालमा एउटा निवेदनको निस्साबाहेक केही दिन सकेन । २०८० चैत ८ मा फेरि आयोग विघटन भयो । मुरलीले भूमि अधिकारकर्मीको सहयोगमा अदालतमा मुद्दासमेत दायर गरे- संविधानको धारा ४० मा दलितको हकमा सुनिश्चित गरिएको आवास र कृषिका लागि दलित भूमिहीनलाई जमिन दिने भनिएको व्यवस्थाअनुसार हामीलाई जमिन किन नदिएको भनेर । मुरली अहिले अदालतको फैसलाको पर्खाइमा छन् । २०८१ कात्तिक १३ मा पुनः हरि रिजालको अध्यक्षतामा भूमि समस्या समाधान आयोग गठन भयो । मुरलीको प्रमाणीकरण भएको निवेदन पुनः अघि बढाइएको छ । तर फेरि पनि, निकुञ्जले बीचैमा हस्तक्षेप गरिरहेको खबर पनि आइरहेको छ । मध्यवर्तीकै कुरा गर्ने हो भने पनि मुरली बसोबास गरेको एक वर्षपछि उक्त क्षेत्र मध्यवर्ती क्षेत्र घोषणा गरिएको थियो । सो क्षेत्रमा सबै मानव बस्ती र खेतीपाती नै छ । फेरि निकुञ्ज ऐनमा नै मध्यवर्ती क्षेत्रको भूस्वमित्वमा कुनै असर नगर्ने लेखेकै छ । के कारणले किन मध्यवर्तीको जग्गा मुरली नेपालीले नपाउने ?

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## ट्रम्पको धम्कीमा भारतको जवाफ : अमेरिका आफैं रुससँग व्यापार गरिरहेको छ



*काठमाडौं,२० साउन ।* भारतविरुद्ध लगातार निशाना साँधिरहेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भारत सरकारले जवाफ दिएको छ । सोमबार ट्रम्पले भारतमाथि अझ धेरै कर लगाउने धम्की दिएका थिए । त्यसको जवाफमा भारतले मध्यराति प्रतिक्रिया दिएको हो । भारतीय विदेश मन्त्रालयले यस्तो प्रकारको धम्की अनुचित र तर्कहिन बताएको छ । भारतीय विदेश मन्त्रालयले भनेको छ, ‘अमेरिका अहिले पनि रुससँग परमाणु उद्योगका लागि युरेनियम हेक्साफ्लोराइड, इलेक्ट्रिक सवारी उद्योगका लागि पेडेलियम, उर्वरक र रसायन आयायत गरिरहेको छ ।’ ट्रम्पले सोमबार सोसल मिडिया प्लेटफर्ममा लेखेका थिए, ‘रुसको युद्ध मेसिनले युक्रेनमा कति मानिस मरिरहेका छन् भन्ने कुरा भारतले बेवास्ता गर्दै आएको छ । यसकारण भारतमाथि अतिरिक्त कर लगाउने तयारी गरिरहेको छु ।’ रुसी तेल खरिदकर्तामध्ये भारत सबैभन्दा ठूलो हो । सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि युरोपियन देशले व्यापार घटाएका थिए । त्यसयता रुसका लागि भारत एक महत्त्वपूर्ण बजार बनेको छ । व्हाइट हाउसका डिप्टी चिफ स्टीफन मिलरले फक्स न्युजलाई दिएको एक अन्तर्वार्तामा भनेका छन्, ‘तेल खरिद गरेर रुसलाई युक्रेन विरुद्ध आर्थिक सहायता दिनु भारतको कदम स्वीकार्य छैन ।’ ट्रम्पले कति प्रतिशत कर बढाउने भन्ने चाहिँ स्पष्ट पारेका छैनन् । ट्रम्पको धम्की केही दिनअघि भारतविरुद्ध २५ प्रतिशत कर लगाएका समयमा आएको छ । भारतको विदेश मन्त्रालयले ट्रम्पको आलोचना खारेज गर्दै अमेरिका र युरोपियन देशहरुले आफैं पनि रुससँग व्यापार जारी राखेको बताएको छन् । गत वर्ष अमेरिकाले कडा प्रतिबन्धका बावजुद पनि रुससँग ३.५ अर्ब डलरको व्यापार गरेको थियो । युक्रेनमा संघर्ष सुरु भयपता अमेरिका र युरोपियन संघ भारतलाई रुससँग तेल खरिद गरेकोमा निशाना बनाउँदै आएको मन्त्रालयले जनाएको छ । विदेश मन्त्रालयले भनेको छ, ‘वास्तवमा भारतले रुससँग यसकारण तेल आयात सुरु गरेको हो, संघर्षपछि पारम्परिक सप्लाई युरोपतर्फ मोडिएको थियो । त्यसबेला अमेरिका आफैंले पनि बजारमा तेलको स्थिरता मजबुद बनाइराख्नका लागि भारतलाई प्रोत्साहन गरेको थियो ।’ भारतले आफ्ना उपभोक्ताका लागि सस्तो र स्थिर ऊर्जा उपलब्ध गराउनका लागि आयात गरिरहेको जवाफ दिएको छ । ‘यो वैश्विक बजारको अवस्थाको बाध्यता हो । तर जो भारतको आलोचना गरिरहेका छन्, उनी आफैं रुससँग व्यापार गरिरहेका छन् ।’भारतले कुनै पनि ठूलो अर्थव्यवस्था जस्तै भारत आफ्नो राष्ट्रिय हित र आर्थिक सुरक्षाको रक्षाका लागि सबै जरुरी कदम उठाउन सक्ने चेतावनीसमेत दिएको छ । भारतीय विदेशमन्त्री यस जयशंकरले भनेका छन्, ‘हामी जटिल र अनिश्चित समयमा बाँचिरहेका छौं । हाम्रो सामूहिक इच्छा एक न्यायपूर्ण र प्रतिनिधि वैश्विक व्यवस्था देख्नु हो, न कि कुनै देशको दबदबा ।’

## राहुलको बचाउ गर्दै प्रियंकाले भनिन्- सच्चा भारतीय को हो भन्नेकुरा कुनै न्यायाधीश तय गर्न सक्दैनन्



*काठमाडौं,२० साउन ।* मानहानीको मुद्दामा राहुल गान्धीविरुद्ध भारतको सर्वोच्च अदालतको टिप्पणीप्रति कांग्रेस सांसद प्रियंका गान्धीले राहुलको बयानलाई गलत अर्थ निकालिएको प्रतिक्रिया दिएकी छन् । प्रियंकाले भनेकी छिन्, ‘सम्मानका साथ भन्न चाहन्छु, को सच्चा भारतीय हो र को होइन भन्ने कुरा न्यायाधीश तय गर्न सक्दैनन् । यो त विपक्षी नेताको काम हो, सरकारसँग प्रश्न गर्नु ।’ उनले राहुलको बचाउ गर्दै आफ्ना भाइ भारतीय सेनाको विरुद्ध कुनै कुरा भन्न नसक्ने दावी गरेकी छिन् । बरु सेनाको धेरै सम्मान गर्ने उनको भनाइ छ । राहुल गान्धीले सन् २०२२ मा ‘भारत जोडो यात्रा’ का क्रममा सेना र भारतीय जमिन चीनको कब्जामा रहेको भन्ने बयान दिएका थिए । समाचार एजेन्सी एएनआईका अनुसार उनले भनेका थिए, ‘मानिसहरु भारत जोडो यात्राबारेमा प्रश्न गर्नेछन्, तर उनीहरु चीनले अरुणाचल प्रदेशमा २० भारतीय सैनिकको हत्या गरेर भारतको दुई हजार वर्गकिलोमिटर जमिन कब्जा गरेको विषयमा प्रश्न गर्ने छैनन् । भारतीय मिडिया यसबारे सरकारसँग कहिले सोध्ने छैनन् ।’ सोमबार यस विषयमा सर्वोच्च अदालतका न्यायाधीश दीपांकर दत्ताले प्रश्न गरे, ‘चीनले भारतको दुई हजार वर्गकिलोमिटर जमिन कब्जा गरेको कुरा तपाईंलाई कसरी थाहा भयो? के तपाई त्यहाँ हुनुहुन्थ्यो?

## इजरायलले गाजामा निजी सामानको व्यापार आंशिक रूपमा पुनः खोल्ने

*काठमाडौं,२० साउन ।* इजरायलले मानवीय सहायतामा गाजाको निर्भरता कम गर्न निजी क्षेत्रसँगको व्यापार आंशिक रूपमा पुनः खोल्ने भएको प्यालेस्टिनी क्षेत्रहरूका लागि रक्षा मन्त्रालयको नागरिक मामिला एजेन्सी (कोगाट) ले मङ्गलबार बताएको छ । "संयन्त्र निर्माणको भागका रूपमा, रक्षा प्रतिष्ठानले धेरै मापदण्ड र कडा सुरक्षा जाँचको अधीनमा सीमित सङ्ख्यामा स्थानीय व्यापारीहरूलाई अनुमोदन गरेको छ", कोगाटले भनेको छ । इजरायलले २२ महिनादेखि गाजामा प्यालेस्टिनी लडाकू समूह हमाससँग लड्दै आएको छ र मार्च २ मा पूर्ण नाकाबन्दी लगाएको थियो ।इजरायलले उक्त नाकाबन्दी मेमा आंशिक रूपमा हटाएको थियो र अमेरिकी समर्थित निजी एजेन्सीले

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

महागढीमाई नगरपालिकाको कार्यालय
कलैया, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय, पर्सा

### मुरलीहरु सधैं....................

उनी बास बस्ने जग्गा खोज्दै अब कहाँ जाने ? जबकि, मुरलीजस्ता नागरिकलाई जमिन उपलब्ध गराउन नेपालको संविधानको धारा ४० मा प्रस्टै लेखिएको छ- ‘भूमिहीन दलितलाई एक पटकका लागि आवास र कृषिका लागि जमिन दिइनेछ ।’ के कसैले संविधानको हक खोस्न मिल्छ ? कहिलेकाहीं त लाग्छ- यो देशको संविधान पनि लाज मानिरहेको होला, यहाँ न्याय व्यक्तिको हैसियतअनुसार, कानुन कर्मचारीको व्याख्याअनुसार चलाएको देखेर । यो समस्या लामटाङ निकुञ्जको मध्यवर्तीमा मात्र होइन, बर्दिया, चितवन, मकवानपुरलगायत कैयन् जिल्लामा छ । मुरलीको कथा त प्रतिनिधिमूलक हो । यस्ता हजारौं भूमिहीन छन्, जसले जीवनको ठूलो हिस्सा एक टुक्रा जमिनको सपना देख्दै बिताइरहेका छन् । सबैले स्विकार्नैपर्ने सत्य के हो भने, मुरलीजस्ता नागरिक वन, निकुञ्ज वा मध्यवर्ती कसैको दुस्मन होइनन्, आफ्नै देशका अधिकारविहीन पहरेदार हुन् । उनीहरूलाई अधिकार दिनु भनेको राज्यलाई न्यायपूर्ण बनाउनु पनि हो । अब पनि भूमिहीन मुरलीहरूको सपना अधुरै रहन्छ भने त्यो केवल मुरलीको हार होइन, त्यो स्थानीय सरकार, भूमिहीनका नाममा बनिने दर्जनौं आयोग, नागरिकलाई सेवा प्रवाहका लागि भनेर नागरिककै करबाट पारिश्रमिक खाइरहेका सरकारी कर्मचारी, जनप्रतिनिधि, गरिबको पक्षमा कार्यरत संघसंस्था र संगठन, नीति निर्माता, सरकार र सिंगो राष्ट्रको नैतिक हार हो । यसरी हरेक पटक निरीह भएर वास्तविक भूमिहीनका समस्या समाधान नगर्ने, स-साना कारण देखाएर अल्झाइरहने, एउटै प्रक्रिया दोहोऱ्याएर भूमिहीनलाई सधैं ललिपप देखाइरहने हो भने यस्ता आयोग गठन गरेर करोडौं लगानी गरिरहनुको पनि कुनै अर्थ छैन । साभार ईकान्तिपुर ।

### ठोरीका सामुदायिक...........

१४ जना परीक्षार्थी मध्ये १ जना र ज्ञानवाटिकाबाट ३७ जना मध्ये २ जना उत्तीर्ण भएका हुन् । ठोरीमा रहेका कक्षा १२ सञ्चालित ५ ओटा विद्यालयमध्ये नेरामावि ओडारकी छात्रा प्रिया श्रेष्ठले सबैभन्दा धेरै जिपिए प्राप्त गरेकी छन् । उनले ठोरीका अन्य परीक्षार्थीलाई पछि पार्दै ३.५५ जिपिए ल्याउन सफल भएको सहायक प्रधानाध्यापक सापकोटाले बताए ।

### मधेसको खानेपानी............

सबैभन्दा उत्कृष्ट प्रदर्शन गर्ने मन्त्रालयको रुपमा आफ्नो मन्त्रालय रहेको उल्लेख गरे । सो अवसरमा विभागका महानिर्देशक रामकुमार श्रेष्ठले अघिल्लो आर्थिक वर्षमा ९० प्रतिशत काम सम्पन्न भएको जानकारी दिए । मन्त्रीको स्पष्ट मार्गनिर्देशन र विभागीय सहकार्यकै कारण यस्तो प्रगति सम्भव भएको उनले बताए । “आगामी दिनमा झन प्रभावकारी रूपमा अघि बढ्नेछौं,” श्रेष्ठले प्रतिबद्धता व्यक्त गरे ।

### आर्थिक मन्दीबीच..............

वस्तु बोकेर ल्याएका थिए । अघिल्लो आवमा १ सय ११ लुज कार्गो रेल्वे ल्याकले ४ लाख ५ हजार ४ सय ७२ टन लुज कार्गो वस्तु बोकेर ल्याएका थिए । लुज कार्गो वस्तुमा कोइला प्रमुख रहेको छ । इन्टर मोडल यातायात विकास समिति वीरगन्ज कार्यालय प्रमुख कमल ज्ञवाली आर्थिक मन्दीकाबीच पनि तेस्रो मुलुक मालवस्तु आयात निर्यात हुने कन्टेनरको आवागमन बढ्नु सुखद संकेत भएको बताउँछन् । वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम रेलबाट तुलनात्मक रुपमा ढुवानी सस्तो र सहज हुने भएकाले तेस्रो मुलुकसँगको आयात निर्यात बढाउन बन्दरगाहमा रेल ढुवानी सेवालाई झन् सस्तो बनाउन सके त्यसले बन्दरगाहमा रेलको आवागमन झनै बढन सक्ने बताउँछन् ।

### महिला उद्यमशिलता...........

रुँगटा, सचिव प्रेमचन्द्र गोयल, सह-कोषाध्यक्ष निरज अग्रवाल, सह-सचिव अनुप अग्रवाल लगायत महिला उद्यमशिलता विकास समितिका सदस्यहरूको सक्रिय उपस्थिति थियो । बैठकले आगामी दिनमा महिला व्यवसायीहरूका लागि तालिम, कार्यशाला, नेटवर्किङ फोरम तथा सहुलियतपूर्ण पहुँच कार्यक्रम सञ्चालन गर्ने योजना समेत अघि सारेको छ ।

### रौतहटमा २४ घण्टामा........

सिन्धुपाल्चोक, तनहुँ, पाल्पा, गुल्मी, पर्वत, कञ्चनपुर, डडेलधुरा र सिन्धुलीका केही केन्द्रहरूमा पनि भारी वर्षा भएको विभागले जनाएको छ । पछिल्लो एक घण्टामा बैतडी, डोटी, लमजुङ र चितवनमा मध्यम वर्षा मापन गरिएको छ भने देशका अधिकांश भागमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । मौसमविद् रोजन लामिछानेका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव सक्रिय रहेको छ ।

### जसपा नेपाल अध्यक्ष.........

उपाध्यक्षमा लक्ष्मण यादव र हरेराम यादव विजयी भएका छन् भने सचिव पदमा नीरज मुक्तिले १ मतको झिनो अन्तरले जित हात पारेका छन् । उपसचिवमा रिता चौधरी र रामेश्वर यादव तथा कोषाध्यक्षमा अमरेन्द्र यादव निर्वाचित भएका छन् ।

### उपकार सेवा नेपाल............

पर्साका अध्यक्ष ओमप्रकाश खनाल, रेडियो नेपालका मधेस ब्युरो प्रमुख ध्रुव अधिकारी र सामुदायिक रेडियो नारायणी एफएमका लेखा समिति संयोजक भानुभक्त अधिकारीको उपस्थिति रहेको थियो ।

गणेशकुञ्जास्थित राममन्दिरसँगै रहेको जेष्ठ नागरिकहरूको विश्रामस्थलमा पंखाको व्यवस्था मिलाइदिन माडी नगरपालिका वडा नं. ९ का अध्यक्ष धनश्याम दवाडीले उपकार सेवा

# स्वास्थ्य

## गर्भावस्थामा कुन महिनादेखि लामो यात्रा गर्नुहुँदैन ?



गर्भावस्थाको समयमा महिलाले अन्य समयमा भन्दा धेरै आफ्नो हेरचाह गर्नुपर्छ । उठ्दा, बस्दा र हिंड्दा सावधानी अपनाउनुका साथै खानपानमा पनि धेरै ध्यान पुऱ्याउनुपर्छ । त्यसैगरी गर्भावस्थामा यात्रा गर्नुअघि पनि धेरै कुराको ख्याल गर्नुपर्ने हुन्छ । सामान्यतया गर्भवती महिलाले सम्भव भएसम्म गर्भावस्थाभर लामो दूरीको यात्रा नगर्नु नै राम्रो हुन्छ । विशेषगरी पहिलो तीन महिनामा लामो यात्रा तथा गाह्रो काम गर्दा गर्भ खेर जान सक्ने जोखिम हुन्छ । अन्तिम तीन महिनामा पनि यात्रामा गाह्रो वा थकित हुने गतिविधिले समय नपुगी व्यथा लाग्न सक्छ । त्यसबाहेक पेट दुखेको छ, टाउको दुखेको छ वा ज्वरो आएको छ, रक्तस्राव भएको छ वा अन्य कुनै स्वास्थ्य समस्या छ भने पनि लामो दूरीको यात्रा नगर्नु नै लाभदायक हुन्छ । कच्ची बाटो, अप्ठ्यारो तथा खाल्डाखुल्डी बाटोमा यात्रा गर्नुहुँदैन । यसले गर्भ तुहिने जोखिम हुन्छ । विशेषगरी पहिलो त्रैमासिकमा लामो यात्राबाट जोगिनु नै राम्रो हुन्छ ।

यो समयमा महिलालाई थकान, कमजोरी, बान्ता जस्ता समस्या हुनसक्छ । यस अवधिमा यात्रा गर्दा गर्भपातको जोखिम बढ्न सक्छ । गर्भावस्थाको समयमा छोटो दूरीको यात्रा भने गर्न सकिन्छ । **कुन महिनामा यात्रा गर्नु सुरक्षित ?** गर्भावस्थाको दोस्रो चरण १४ देखि २८ हप्ताको बीचमा यात्रा गर्नु उपयुक्त मानिन्छ । किनभने यस अवधिमा बान्ता हुने र कमजोरी हुने समस्या कम हुन्छ । यद्यपि, लामो यात्राबाट जोगिनैपर्छ, किनभने लामो यात्राको क्रममा बस्न गाह्रो हुनसक्छ । खुट्टा सुन्निन सक्छ । यात्रा गर्नैपर्ने अवस्था छ भने दोस्रो त्रैमासिक राम्रो विकल्प हुनसक्छ । गर्भावस्थामा महिलाहरू धेरै पटक शौचालय जानुपर्ने हुन्छ, जसले समस्या निम्त्याउन सक्छ । त्यसैले महिलाले गर्भावस्थामा आफ्नो सुविधालाई ध्यानमा राखेर मात्रै यात्राको योजना बनाउनुपर्छ । **गर्भावस्थामा यात्रा गर्दा के-के कुरामा ध्यान दिने ?** छोटो दूरीको यात्रा जस्तो दुई-तीन घण्टाको राम्रो पिच बाटो छ भने त्यसमा समस्या हुँदैन ।

बिस्तारै सवारीसाधन रोक्दै-रोक्दै जान मिल्छ । गर्भावस्थामा गाडी चलाएर वा बसेर लामो दूरीको यात्रामा जानुपर्ने बाध्यता छ भने बाटोमा सानो सानो ब्रेक लिएर आराम गर्दै जानुपर्छ । तर सार्वजनिक यातायातमा यात्रा गर्दा भने असहज हुन्छ । अलि लामो दूरीको यात्रा गर्नुपर्ने छ भने जहाजबाट गर्नु राम्रो हुन्छ । मोटरसाइकल र गाडीको तुलनामा जहाजको यात्रा धेरै सुरक्षित हुन्छ । गर्भको अवस्था हेरेर चिकित्सकको सुझाव अनुसार मात्र यात्रा गर्नुपर्छ । यदि सुरुदेखि नै गर्भमा समस्या छ भने यस्तो अवस्थामा अलि बढी ध्यान पुऱ्याउनुपर्छ ।

# १२ कक्षा नतिजामा कसैले पनि पाएनन् ४ जीपीए

*काठमाडौं,२० साउन ।*

राष्ट्रिय परीक्षा बोर्डले सोमबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ, तर यस वर्ष पनि कुनै विद्यार्थीले पूर्ण ४ जीपीए हासिल गर्न सकेनन्। परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माका अनुसार सबैभन्दा उच्च जीपीए ३.९६ रहेको छ।नतिजा अनुसार ३.६१ देखि ४ जीपीएसम्म ल्याउने विद्यार्थीको संख्या १३ हजार ५०२ रहेको छ । यस्तै ३.२१ देखि ३.६० जीपीए ल्याउने ५५ हजार ८९६, २.८१ देखि ३.२० ल्याउने ९४ हजार २६८, २.४१ देखि २.८० ल्याउने ६९ हजार ८१२, २.०१ देखि २.४० ल्याउने ८ हजार ९६४ तथा १.६१ देखि २.०० ल्याउने २३ जना छन् । परीक्षा परिणाममा अघिल्लो वर्षको तुलनामा करिब ९ प्रतिशत सुधार देखिएको बोर्डले जनाएको छ। यस वर्ष ६१.१७ प्रतिशत विद्यार्थी




ग्रेडेड भएका छन्, जबकि गत वर्ष यो प्रतिशत ५२ मात्र थियो ।बोर्डका अनुसार नियमिततर्फ ३ लाख ९६ हजार ३४७ र आंशिकतर्फ १ लाख १४ हजार ६४० गरी कुल ५ लाख १० हजार ९८७ विद्यार्थीले परीक्षा दिएका थिए। तीमध्ये नियमिततर्फ २ लाख ४२ हजार ४६५ र आंशिकतर्फ ४१ हजार ८४० गरी कुल २ लाख ८४ हजार ३०५ विद्यार्थी ग्रेडेड भएका छन् ।

नियमिततर्फ १ लाख ५३ हजार ८८२ विद्यार्थी भने ननग्रेडेड भएका छन्। त्यस्तै, विभिन्न कारणले परीक्षा नियम उल्लंघन भएको भन्दै नियमिततर्फ ११ र आंशिकतर्फ ६ गरी कुल १७ जनाको परीक्षा रद्द गरिएको छ ।

# चिनी उद्योग अगाडि किसानको प्रदर्शन

*जनकपुर,२० साउन ।*

सरकारले उखुमा दिँदै आएको अनुदान कटौती गरेपछि उखु किसानहरू आक्रोशित भएका छन् । विरोधस्वरूप मंगलबार महोत्तरीको गौशालास्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिज अगाडि किसानले टायर बालेर प्रदर्शन गरेका छन् ।उखु उत्पादक कृषक महासंघ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहाले सरकारले कृषकहरूको जीवनसँग खेलबाड गरेको आरोप लगाउँदै अनुदान कटौतीको निर्णय तुरुन्त फिर्ता गर्न माग गरे । “राहत दिनुपर्ने बेलामा सरकार उल्टै पीडा थोपर्न खोज्दैछ,” उनले भने, “भदौ ६ गतेसम्म माग सुनुवाइ नभए भदौ ८ बाट काठमाडौंमा धर्ना सुरु हुनेछ ।” सरकारले प्रति क्विन्टल ७० रुपैयाँ दरले दिँदै आएको उखु अनुदान यो वर्षको बजेटमा समावेश नगरेपछि किसानहरू सडकमा उत्रिएका हुन् । करिब १ अर्ब ६० करोड रुपैयाँ बराबरको बक्यौता भुक्तानी नगरेको र आगामी वर्षका लागि पनि प्रावधान नराखिएको भन्दै कृषक आन्दोलित भएका हुन् । उखु उत्पादक महासंघका केन्द्रीय सदस्य महाशंकर थिङ्का अनुसार चिनी उद्योग रहेको जिल्लाहरूमा एकैसाथ टायर बालेर सांकेतिक आन्दोलन थालिएको हो । उनी भन्छन्, “सरकारको कान नसुन्ने बानी भएपछि किसानलाई आन्दोलनमा जानु बाध्यता बनेको हो ।” प्रदर्शनलाई सम्बोधन गर्दै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता देवनारायण महतोले सरकारले समयमै मल र भुक्तानीको व्यवस्था गर्न नसक्दा किसान मर्कामा परेको बेला अनुदानसमेत कटौती गर्नु लज्जास्पद भएको बताए ।

“कृषि कार्यालय र शाखाहरू पनि कृषकलाई सहयोग गर्न असफल भएका छन्,” उनले आरोप लगाए । २०७० साल यता उखु अनुदान निरन्तर दिँदै आएको सरकारले एकाएक कटौती गर्नु अन्यायपूर्ण भएको भन्दै सर्लाही हरिवनमा साउन १२ गते बसेको महासंघको बैठकले संघर्षका कार्यक्रम घोषणा गरिसकेको छ । बैठकले सरकारलाई उखु खेतीमा प्रोत्साहन दिनु पर्ने माग गर्दै सबै जिल्लामा आन्दोलन चर्काउने रणनीति बनाएको छ ।

# मधेस प्रदेशमा ४ लाख चालक अनुमति पत्र छाप्न बाँकी

*जनकपुर,२० साउन ।*

मधेस प्रदेशका श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले प्रदेशमा मात्र करिब ४ लाख सवारी चालक अनुमति पत्र (लाइसेन्स) कार्ड छपाइ बाँकी रहेको बताएका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सातै प्रदेशका मन्त्रालयहरूसँग आयोजना गरेको विषयगत समितिको बैठकमा बोल्दै मन्त्री रायले लामो ढिलाइका कारण सेवाग्राही निराश बनेको र तत्काल ठोस समाधान आवश्यक रहेको स्पष्ट पारे । “जनताले राजस्व तिरेका छन्, तर वर्षौंसम्म कार्ड पाएका छैनन् ।

यसले सरकारप्रति नकारात्मक धारणा बढाएको छ,” मन्त्री रायले भने । उनका अनुसार, विगतमा मेसिन खरिदका लागि बजेट विनियोजन भए पनि प्रक्रिया अघि बढ्न सकेन । आगामी आर्थिक वर्ष २०८२/८३ मा पुनः बजेट व्यवस्था गरिएको र संघीय सरकारले छपाइ गर्न नसके प्रदेशले आफैं व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको उनले जोड दिए । मधेस प्रदेशले यातायात क्षेत्रमा महत्त्वपूर्ण कानुनी सुधार गरेको मन्त्री रायको भनाइ छ । नयाँ ऐनअनुसार, लाइसेन्सको अवधि ५ वर्षबाट बढाएर १० वर्ष गरिएको छ, साथै १५ वर्षका लागि एकैपटक नवीकरण गर्ने सुविधा पनि उपलब्ध भएको छ। लामो समयदेखि नवीकरण नगरेका सवारी धनीका लागि जरिवानामा ७० प्रतिशत छुट दिने व्यवस्था पनि ऐनमै समावेश गरिएको छ, जसको लाभ २०८२ मंसिर १८ गतेसम्म लिन सकिनेछ। मन्त्री रायले यसै आर्थिक वर्षदेखि अनलाइन भुक्तानी प्रणाली लागू गर्ने, भाडाका सवारी साधनको व्यवस्थापन डिजिटलाइज गर्ने, र सरकारी सवारी साधनमा इम्बोस्ड प्लेट जडान सुरु गर्ने योजना प्रस्तुत गरे । निजी सवारीमा पनि यसको प्रभावकारिता हेरेर लागू गरिनेछ । उनका अनुसार, पुराना सवारी साधनको लगतकट्टा एकरूप बनाउन सातै प्रदेशमा संयुक्त स्किम ल्याउन सकिए ठूलो मात्रामा राजस्व वृद्धि हुनेछ ।

यो आर्थिक वर्षमा मात्र मधेस प्रदेशले यातायात क्षेत्रबाट करिब पौने चार अर्ब रुपैयाँ राजस्व संकलन गरेको उनले जानकारी दिए ।रायका अनुसार, प्रदेश सरकार यातायात सेवालाई प्रविधिमैत्री र सहज बनाउन कटिबद्ध छ ।

# उपकार सेवा नेपालद्वारा पंखा सहयोग

*बीरगन्ज,२० साउन ।*


उपकार सेवा नेपालले चितवनको माडी नगरपालिका वडा नं. ९ स्थित गणेशकुञ्जामा रहेको राममन्दिर जेष्ठ नागरिक समूहलाई ५ थान पंखा सहयोग गरेको छ। जेष्ठ नागरिकहरूले भजनकीर्तन गर्ने स्थानमा पंखाको अभाव भएकोले सहयोग गरिएको हो । उपकार सेवा नेपाल बीरगन्जकी अध्यक्ष विद्यादेवी सरावगीले श्री गणेश आधारभूत विद्यालयका प्रधानाध्यापक तोयनाथ अधिकारी र अयोध्यापुरी मध्यवर्ती उपभोक्ता समितिका सदस्य विष्णुप्रसाद अधिकारीलाई ती पंखाहरू हस्तान्तरण गर्नुभएको थियो। पंखा हस्तान्तरण कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघ नेपालका केन्द्रिय वरिष्ठ उपाध्यक्ष गोविन्द देवकोटा, समाजसेवी प्रकाश थारु, नेपाल पत्रकार महासंघ

बाँकी तेश्रो पृष्ठमा⇨

# नेपालीलाई विदेशमा लगानी खुला गर्न सरकारले चाँडै कानुनी व्यवस्था गर्ने : अर्थमन्त्री पौडेल

*काठमाडौं,२० साउन ।*

उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले छिट्टै कानुन बनाएर नेपालीहरूलाई विदेशमा लगानी गर्न दिने बताएका छन् । मंगलबार प्रतिनिधि सभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै उनले विदेशमा लगानी गर्न नेपालीले नपाउने अहिलेको कानुनलाई हटाइने स्पष्ट पारे । उनकाअनुसार बजेटमै नेपाली व्यवसायी वा कम्पनीलाई विदेशमा बिक्री शाखा वा अर्धप्रशोधित सामग्री निर्यात गरी प्रशोधन कारखाना स्थापना गर्न अनुमति दिइने व्यवस्था गर्ने घोषणा गरिएको छ । उनले बजेटले प्रस्ताव गरेका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न सरकार अघि बढिसकेको बताए ।



हाल विदेशमा लगानी गर्न प्रतिबन्ध ऐन, २०२१ को दफा ३ बमोजिम कसैले विदेशमा लगानी गर्न नपाउने व्यवस्था छ । त्यसलाई सरकारले संशोधन गर्न लागेको हो । उपप्रधानमन्त्री तथा अर्थमन्त्री पौडेलले भने,‘नेपालीलाई विदेशमा लगानी खुल्ला गर्नका लागि निर्यातबाट हुने वार्षिक आम्दानीको २५ प्रतिशतसम्म विदेशमा गानी गर्न पाउने कानुनी व्यवस्था गरिदैंछ । यस्तो व्यवसायबाट आर्जन हुने मुनाफाको ५० प्रतिशत देशभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिने छ । विदेशमा गरिने लगानी स्वीकृतिको जिम्मेवारी लगानी बोर्डमा रहने व्यवस्था गरिने छ ।’ अर्थमन्त्री पौडेलले बैंक तथा वित्तीय संस्थाहरू अहिले सबल नै रहेको संसद्लाई जानकारी दिए । उनकाअनुसार बैंक तथा वित्तीय संस्थाहरूले गर्ने वित्तीय कारोबारका सन्दर्भमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा स्पष्ट भएकाले कानुनको अधीनमा रही उनीहरुले काम गरिरहेका छन् ।

# बीपी प्रतिष्ठानको फार्मेसी सेवा ठप्प

*जनकपुर,२० साउन ।*

धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत अस्पताल फार्मेसीमा कार्यरत कर्मचारीहरूले सात महिनासम्म तलब नपाएको गुनासोसहित फार्मेसी सेवा ठप्प पारेका छन् । दुई दिनदेखि सेवा अवरुद्ध हुँदा अस्पतालमा आउने बिरामीहरू औषधी नपाएर मारमा परेका छन् । आन्दोलनरत २२ जना कर्मचारीमध्ये १८ जना फार्मासिष्ट र ४ जना सहयोगी कर्मचारी रहेका छन् । उनीहरू सबै केटीएम सेक्युरिटी सर्भिसेज प्रालिमार्फत नियुक्त भएका हुन् । तलब र सेवासुविधा नपाएको गुनासो गर्दै उनीहरूले फार्मेसीमै धर्ना दिइरहेका छन् । चौबिसै घण्टा सेवा दिनुपर्ने फार्मेसी बन्द भएपछि बिरामीका आफन्तहरू औषधी किन्न बाहिरका मेडिकल पसल धाउनुपर्ने बाध्यता रहेको छ । “स्वास्थ्य बीमामा पर्ने औषधी यहाँबाट पाइन्थ्यो, अहिले दुई दिनदेखि महँगोमा किनेर ल्याउनु परेको छ,” प्रतिष्ठानमा आफन्तको उपचार गराइरहेका इटहरीका सौरभ श्रेष्ठले बताए । कर्मचारीका अनुसार उनीहरूको तलब भुक्तानीको जिम्मेवारी केटीएम सेक्युरिटी सर्भिसेजकै हो । तर, महिनौंसम्म




तलब नपाएपछि आन्दोलनमा जानुपरेको उनीहरूको भनाइ छ । एक महिला फार्मासिष्टले भनिन्, “हामी सम्झौताअनुसार काम गरिरहेका छौं, तर तलब नपाएपछि बोल्नु हाम्रो बाध्यता हो ।” तर, अर्कोतर्फ बीपी प्रतिष्ठानले फार्मेसी सेवा अवरुद्ध हुनु अवैधानिक रहेको प्रतिक्रिया दिएको छ । सहप्रवक्ता डा. अभिजित कुमारद्वारा जारी विज्ञप्तिमा, संवेदनशील सेवा क्षेत्र एकाएक बन्द गर्नु प्रचलित कानुनको उल्लंघन भएको उल्लेख छ । प्रतिष्ठानले २०७० सालमा तीन वर्षका लागि केटीएमसँग सम्झौता गरेको भए पनि त्यसपछि सेवा निरन्तर दिँदै आएको जनाएको छ। तर, फार्मेसी सेवा बन्द गर्नुअघि कतै पूर्वजानकारी नदिइएको भन्दै आपत्ति जनाएको छ । प्रतिष्ठानले सम्झौता अनुसार आपूर्ति गरिएका कर्मचारीले सेवा कुशलतापूर्वक दिन नसकेको र कम्पनीले वैकल्पिक व्यवस्था नगरेकोमा चिन्ता व्यक्त गरेको छ। संस्थाको छविमा असर पर्ने कार्य नगर्न आग्रह गर्दै फार्मेसी सेवा तत्काल सुचारु गर्नुपर्ने प्रतिष्ठानको माग छ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

मानव बेचबिखन अपराध हो ।

❖मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
❖मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
❖कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
❖प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
❖वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।**

**त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

छिपहरमाई गाउँपालिकाको कार्यालय, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

प्रसौनी गाँउपालिकाको कार्यालय,प्रसौनी,बारा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।

पकहाँमैनपुर गाँउपालिकाको कार्यालय, पकहाँमैनपुर,पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।

विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।

करैयामाई गाँउपालिकाको कार्यालय,बारा